स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



देशभक्ति भावनाको कथावस्तुमा बनेको फिल्म "यो मन त मेरो नेपाली हो"को ट्रेलर सार्वजनिक गरिएको छ । शुक्रबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक ट्रेलरमा नेपालको भूमि, भाषा, धर्म, संस्कृतिमाथि भइरहेको अतिक्रमण र त्यसलाई बचाउन नेपालीहरुले चलाएको अभियानलाई देखाइएको छ । भुटानी शासकबाट लखेटिएका भुटानीहरुको कथा पनि यसमा छ ।

आजको विचार...



शिक्षा... (दुई पेजमा)

मनोजकुमार कर्ण

अभिनेता सलोन बस्नेत र मोडल तथा एयर होस्टेस करिश्मा केसीले विवाहभन्दा अगाडि नै केही म्यूजिक भिडियोमा जोडी भएर काम गरिसकेका थिए । विवाहपछि पनि यो रोकिएको छैन । केही सातायता उनीहरुको एकपछि अर्को म्यूजिक भिडियो युट्युबमा सार्वजनिक भइरहेका छन् । ती भिडियोको कमेन्टमा धेरैले उनीहरुलाई अब फिल्ममा पनि जोडी बनेर देखिन आग्रह गरेका छन् । 'पीआर'को टिजर रिलिज कार्यक्रममा पुगेका सलोन र करिश्मालाई पत्रकारले सोधेका थिए ।



❒ वर्ष ३० ❒ अंक ३३३ ❒ २०८२ असार १४ गते शनिबार 28 June 2025, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### च्याउ खाँदा एकै परिवारका तीन जना बिरामी



**गुल्मी, असार १३**/विषालु च्याउ खाँदा एकै परिवारका तीन जना बिरामी परेका छन् । बिरामी पर्नेहरुमा मुसिकोट नगरपालिका-४ दिगामचौरका ६८ वर्षीया फूलमाया कुमाल, ७६ वर्षीय थम्मनबहादुर कुमाल र ३६ वर्षीया गीता कुमाल रहेका जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक गंगाबहादुर सारुले जानकारी दिए ।

बिहीबार जंललबाट टिपेर ल्याएको च्याउ पकाएर खाएपछि विहीबार रातिनै उनीहरुलाई टाउको दुख्ने, रिङ्गाटा लाग्ने र बान्ता हुनेजस्ता लक्षण देखिएको थियो । बिरामी भएका तीनै जनालाई उपचारका लागि पाल्पास्थित लुम्बिनी मेडिकल कलेज प्रभास पठाइएको छ ।

घटनाको जानकारी पाउनासाथ इन्द्रगौडा प्रहरी पोष्टबाट प्रहरी हवल्दार कृष्णमोहन केवटको नेतृत्वमा खटिएको प्रहरी टोलीले तीनै जनालाई उपचारका लागि तत्कालै पाल्पा पठाएको थियो । उनीहरुको अवस्था खतरामुक्त रहेको प्रहरीले जनाएको छ । *-रासस*

# ब्राण्ड बनेको 'थोर्गेली गुड'

## पाँच महिनामा ३५ लाख ५५ हजारको विक्री

**हेमन्त जोशी/रासस**

**गुल्मी, असार १३**/गुल्मीको रूरू क्षेत्र गाउँपालिका-३ स्थित थोर्गामा उत्पादन हुने 'थोर्गेली गुड' अहिले एक 'ब्राण्ड'का रूपमा स्थापित भएको छ । डेढ सय वर्षदेखि उखुखेती हुँदै आएको यस क्षेत्रमा पछिल्लो समय गाउँपालिकाको पहल र विभिन्न संस्थाको सहयोगमा उखु प्रशोधन केन्द्र स्थापना भएपछि 'थोर्गेली गुड' ले बजारमा छुट्टै पहिचान बनाउन सफल भएको हो ।

रूरू बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडमार्फत सञ्चालनमा रहेको गुड प्रशोधन केन्द्रले २०८१ सालको माघ २० गतेदेखि नियमित उत्पादन थालेको थियो । सहकारीका अध्यक्ष भेषराज ज्ञवालीका अनुसार हालसम्म उद्योगले करिब २४ लाख ६० हजार बराबरको नौ हजार ७ सय किलोभन्दा बढी गुड बेचिसकेको छ । त्यस्तै, १० लाख ९५ हजारभन्दा बढीको पाँच हजार ४ सय ७२ लिटर खुदो र पाँच हजार दुई सय बराबरको १५ किलो चकलेट बेचिसकेको छ । विगतमा परम्परागत प्रविधिबाट गुड बनाउने र त्यसको प्रयोग पनि स्थानीय रुपमै हुने भएकाले थोरै संख्यामा किसानले




सीमित जमिनमा उखुखेती गर्ने गरेका थिए । तर अहिले आधुनिक मेसिनसहितको उद्योग स्थापना भएपछि उखु किसान हौसिएका छन् । "खुदो उद्योग स्थापना भएपछि उखु किसानको संख्या पनि बढ्दै गएको छ । अहिले वडा नं ३ र ४ मा मात्र उखुखेती गर्ने कूल किसान संख्या करिब ४ सय हाराहारी छ भने १०० हाराहारी किसानले सहकारीलाई उखु बिक्री गरिरहेका छन्", सहकारी अध्यक्ष ज्ञवालीले भने, "रूरू क्षेत्रमा अहिले तीन हजार २ सय रोपनी क्षेत्रफल जमिनमा उखुखेती भइरहेको छ । जबकि, २०७४ सालअघिसम्म त्यहाँ करिब आठ सय रोपनी हाराहारीमा मात्रै उखुखेती गरिन्थ्यो ।"

सहकारीका अनुसार गत माघयता ३१ लाख बराबरको उखु खरिद भइसकेको छ । बारीमै प्रतिकिलो १२ मा खरिद गरिएको उखु प्रशोधन गरी अहिले २६० प्रतिकिलो दरमा गुड बिक्री हुँदै आएको छ । उद्योगले स्थानीयलाई रोजगारी पनि दिएको छ । त्यहाँ हाल आठ जना कर्मचारी मासिक तलबमा कार्यरत छन् । अहिले पनि उद्योगसँग ५० देखि ५५ हजार लिटर खुदो मौज्दात छ । स्थानीय रिडी बजारसहित केही स्थानमा बिक्री प्रबन्धक राखिएका छन् । गाउँपालिकाको अनुदान सहयोग र हेफर इन्टरनेसनल नेपाललगायतका संस्थाको सहकार्यमा स्थापना गरिएको यो उद्योगमा भारतको गुजरातबाट आधुनिक क्रसर मेसिन, भट्टी र केही संख्यामा जनशक्तिसमेत ल्याइएको थियो । उद्योगको संरचना निर्माण तथा मेसिन जडानका लागि भारतबाटै मान्छे झिकाइएका थिए ।

*-बाँकी अन्तिम पेजमा...*

# पाल्पामा मनाइयो मदन भण्डारीको जन्मजयन्ती



**पाल्पा, असार १३**/जननेता मदन भण्डारीको ७४ औँ जन्मजयन्ती शुक्रबार पाल्पासहित देशैभर विभिन्न कार्यक्रम गरी मनाइएको छ । तत्कालीन नेकपा (एमाले)का महासचिव भण्डारीको जन्मजयन्तीको अवसरमा एमाले र पार्टीका विभिन्न जनसंगठनहरूले देशभर विभिन्न कार्यक्रम गरी जन्मजयन्ती मनाएका हुन् ।

पाल्पा पनि मदन भण्डारी फाउण्डेसनले विभिन्न कार्यक्रम गरी भण्डारी जन्मजयन्ती मनाएको छ । पाल्पा अस्पतालका विरामीहरुलाई फलफुल वितरणसहित अन्तर्क्रिया गरेर मदन भण्डारीको स्मरण गरिएको फाउण्डेसन पाल्पा अध्यक्ष गुराँस आत्रेयले बताए ।

उनले भने "भण्डारी जनताको बहुदलीय जनवादका प्रतिपादक हुन, उनको योगदानको हामीले सधै सम्मान गर्दै स्मरण गर्ने गर्छौं, यस वर्ष जन्मजयन्तीमा अस्पतालका विरामीहरुलाई फलफुल दिर्दै भण्डारीको योगदानको चर्चा गर्यौं ।" *-बाँकी अन्तिम पेजमा...*

# छुट्टाछुट्टै सवारी दुर्घटनामा चार जनाको मृत्यु

**पाल्पा, असार १३**/देशका विभिन्न स्थानमा भएका सवारी दुर्घटनामा चार जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार सुनसरी, रूकुम पश्चिम, मोरङ र रोल्पामा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा चार जनाको मृत्यु भएको हो ।

सुनसरीको धरान उपमहानगरपालिका-८ सेउती पुल नजिकै सडकमा मोटरसाइकल दुर्घटनामा हुँदा एक जनाको मृत्यु भएको छ । धरानबाट इटहरीतर्फ जाँदै गरेको रोलरमा प्र.१-०२-०४३ प ३३१५ नम्बरको मोटरसाइकल ठक्कर खाई दुर्घटना हुँदा मोटरसाइकलमा सवार इटहरी उपमहानगरपालिका-१९ तरहरा बस्ने ३८ वर्षीय सुरेश राईको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको विराट नर्सिङ होम विराटनगर मोरङमा थप उपचारको क्रममा शुक्रबार बिहान मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार




अन्य २ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ । हाल फरार रोलर चालकको प्रहरीले खोजी गरिरहेको छ ।

यस्तै रोल्पाको त्रिवेणी गाउँपालिका-४ निगालपानीस्थित सडकमा ट्रकले किचेर एक जनाको मृत्यु भएको छ । दाङबाट रोल्पाको लिङ्दुङतर्फ आउँदै गरेको रा.१ ख ३२२२ नम्बरको ट्रकले किचेर सोही नगरपालिका-३ छाप बस्ने ३२ वर्षीय गोपीलाल वलीको मृत्यु भएको हो । ट्रकले किचेर गम्भीर घाइते भएका उनको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराही दाङमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

यस्तै मोरङको सुनवर्षी नगरपालिका-८ विश्वकर्मा चोकस्थित सडकमा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । को.१ त ६१९१ नम्बरको ट्याक्टरमा प्रदेश.१-०२-०४५ प ९१६३ नम्बरको मोटरसाइकल ठक्कर खाई दुर्घटना हुँदा मोटरसाइकल चालक रतुवामाई नगरपालिका-३ चौकी घाट बस्ने ४३ वर्षीय ढक्कुलाल गनगाईको मृत्यु भएको हो । बिहीबार राति भएको उक्त दुर्घटनामा गम्भीर घाइते भएका उनको नोबेल अस्पताल विराटनगरमा थप उपचारको क्रममा शुक्रबार बिहान मृत्यु भएको हो । ट्याक्टर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

यस्तै रूकुम पश्चिम, आठबिसकोट नगरपालिका-४ गोतामकोटस्थित सडकमा अन टेष्ट लेखिएको मोटरसाइकलको ठक्करबाट पैदलयात्री सोही नगरपालिका-५ बस्ने कल्पना विककी छोरी ५ वर्षीया धन कुमारी विकको मृत्यु भएको छ । मोटरसाइकलले बिहीबार दिउँसो ठक्कर दिँदा गम्भीर घाइते भएकी उनको मेडिकल कलेज कोहलपुर बाँकेमा थप उपचारको क्रममा शुक्रबार बिहान मृत्यु भएको हो । हाल फरार मोटरसाइकल चालकको प्रहरीले खोजी गरिरहेको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## शिक्षक फेरी सडकमा उत्रिने बाटो नबनोस्

लामो समय सडक आन्दोलनमा रहेका शिक्षकहरुको आन्दोलन सरकारले पुरा गर्ने आश्वास दिएपछि रोकिएको थियो । सरकारले असार १५ भित्र विद्यालय शिक्षा ऐन जारी गर्ने प्रतिबद्धता जनाएपछि शिक्षकहरु सडकबाट फर्किएका थिए । सरकारले गरेको प्रतिवद्धताको समयवधिक सकिन अब एक दिन मात्र बाँकी छ । अब यस अवधिमा विद्यालय शिक्षा ऐन आउने सम्भावना अत्यन्तै न्यून छ । ऐन ल्याउने विषयमा सरकार नै उदासीन देखिएको छ । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तले ऐन ल्याउने प्रतिबद्धता जनाउदै आए पनि उनले मात्र भनेर ऐन आउने अवस्था छैन । अझै दर्जन बढी विषयमा छलफल हुन आवश्यक छ । सरकार र शिक्षक महासंघबीच विवादित विषयमा सहमति हुन नसक्दा तोकिएको मितिमा ऐन आउने अनिश्चित प्रायः भएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले असार १५ मा विद्यालय शिक्षा ऐन जारी गर्ने प्रतिबद्धता जनाएका थिए । तर प्रक्रियागतरुपमा हेर्दा समितिबाट विधेयक पास भएपछि प्रतिनिधिसभामा पुग्नेछ अनि राष्ट्रिय सभामा पुग्नेछ । प्रतिनिधि र राष्ट्रियसभा दुवै सदनले पारित गरेर राष्ट्रपतिले लालमोहर लगाएपछि मात्र ऐन कार्यान्वयनमा आउनेछ । तर यही अवस्थामा सरकार र महासंघबीच सहमति हुन नसकेसम्म विधेयकले संसद्मा प्रवेश गर्ने सम्भावना छैन । मन्त्रालयले सहमति गर्दैमा सबै माग पूरा हुने सम्भावना छैन । तर पनि शिक्षकका माग पुरा गर्नुको विकल्प पनि सरकार छैन् ।

संघीयता कार्यान्वयनमा आइसकेको र शिक्षासँग सम्बन्धित अधिकार तीन तहका सरकारबीच बाँडफाँट भएकाले त्यसको व्यावहारिक कार्यान्वयन गर्न पनि विद्यालय शिक्षा ऐनको आवश्यकता छ । अब समितिले विवादित विषयमा यथाशक्य चाँडो सहमति जुटाई विधेयकलाई संसद्को पूर्ण बैठकमा पुऱ्याउने प्रयत्न गर्नुपर्छ । अन्यथा पुनः शिक्षकहरु सडक आन्दोलनमा उत्रिने छन् । तसर्थ सरकारले गम्भीररुपमा लिएर तत्काल ऐन ल्याउने सुनिश्चितता गर्नुपर्छ ।

### Opinion @ Social Network

महत्वको महत्त्व नबुझ्नेलाई महत्व दियो भने
त्यो महत्त्वको कुनै महत्व हुँदैन ।
(रोशन जि.सीकोफेसबुक स्टाटसबाट https://www.facebook.com/gcroshan005)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# शिक्षा र राजनीति सबैतिर नैतिकताको खडेरी



**मनोजकुमार कर्ण**

*नेपालमा राजा वीरेन्द्र शाहको २०५८ जेठ १९ गते सपरिवार वंशनाश हुँदा भारतीयहरूले हामीलाई भगवान पशुपतिनाथले हामी सबैको कल्याण गरून् भनेर जिस्काउँथे । प्रष्टीकरण सोध्दा तिमीहरू पशु हौ र तिम्रा जो नक्कली राजा छन् उनी तिमी पशुहरूको नाथ हो । अर्थात्, तिमीहरूको स्वयंको विवेक त छैन, उसले जे जति भन्छ, त्यही ध्रुवसत्य हो मानेर सन्तोषले बस्ने घाँस खान पाए अघाउने पशु हौ ।*

हाल नेपालको सन्दर्भमा राजनीतिमा नैतिकताको खडेरी छ भनेर सबैतिरबाट प्रायः सुनिन्छ । देशको राजनीतिक प्रणाली अन्य शैक्षिक, आर्थिक, पर्यावरणीय, व्यापारिक अर्थात् सामाजिक प्रणालीको अभिभावक हुन्छ । यदि देशको राजनीति नै धमिलिन्छ भने अन्य क्षेत्रमा नकारात्मक असर पर्ने निश्चित हुन्छ ठीक त्यस्तै बजारमा तेलको भाउ बढ्दा स्वतः ढुवानी आदिको कारणले खाद्य पदार्थदेखि निर्माण सामग्री सबै वस्तुको मूल्यवृद्धि हुन्छ तर यति महत्वपूर्ण राजनीति बिग्रनुमा युनिभर्सिटीको हाथ हुन्छ भन्ने दिशाबोध हामीमा हुँदाहुँदै नसुधारिकन अगाडि बढ्छौं अनि जति प्रयास गरे पनि समग्र देशको स्थितिमा सुधार आउँदैन । यस लेखमा यही अन्तर्सम्बन्धलाई झल्काउने प्रयास गरिएको छ ।

**राजनीतिक विचलन**

नेपालमा राजा वीरेन्द्र शाहको २०५८ जेठ १९ गते सपरिवार वंशनाश हुँदा भारतीयहरूले हामीलाई भगवान पशुपतिनाथले हामी सबैको कल्याण गरून् भनेर जिस्काउँथे । प्रष्टीकरण सोध्दा तिमीहरू पशु हौ र तिम्रा जो नक्कली राजा छन् उनी तिमी पशुहरूको नाथ हो । अर्थात्, तिमीहरूको स्वयंको विवेक त छैन, उसले जे जति भन्छ, त्यही ध्रुवसत्य हो मानेर सन्तोषले बस्ने घाँस खान पाए अघाउने पशु हौ । पशु नभई मनुष्य हौ तिमीहरू भने तिम्रो असली राजालाई मार्नेलाई पत्ता लगाउने, दण्ड दिने हो नि तर तिमीहरू चुप्की साँधेर नक्कलीले जे-जे भन्यो, त्यही त्यही पत्याएर बसेका छौ ।

आज २०६३ सालको लोकतन्त्र र २०६५ सालको गणतन्त्र घोषणापछि नेपालबाट राजसंस्थाको समूल नष्ट भइसकेको अवस्थामा उनै नक्कली पूर्वराजाले पुनः मलाई राजा बनाइदेउ भनेर एक प्रकारले जनताबाट भिख माग्दै हिँडेका छन् । न त उनका २०६३ सम्मको विगत राम्रो छ न उनी २०६३ सालपछि देशमा रोग, शोक, प्राकृतिक विपत्ति आदि पर्दा एक सुको असली पीडित जनता मधेसी वा पहाडी कसैलाई दिएका छन्, न कतै अस्पतालमा अति निर्धनको निःशुल्क उपचार गराएका छन् । भित्रबाट मधेसी र पहाडीको फिलिंगो नक्कली राजामा उत्तिकै छ । यदि स्वलगानी गरिएको सुनिन्छ भने पुनः राजा बनाइदिनलाई माहौल बनाउन र संसद्मा बोलीदिनलाई टाउकाको संख्या बढाउनलाई चुनावहरूमा खर्च गर्छन् ।

पाखण्ड कति भने गद्दीबाट हटाइएपछि मन्दिर-मन्दिर नेपालभित्र र बाहिर गएका छन् तर अध्यात्म र जनसेवाको लागि नभई गद्दी पाउनलाई । त्यही भएर पछिल्लो समयमा आएर राजावादीहरूमै संसदवादी-शुद्ध राजावादी र बुढा-युवा गरी विभक्त भई आन्दोलन सेलाइसक्यो तर बुझ्नेले बुझे पो । यथार्थमा अब नेपालमा राजतन्त्रको काम छैन, धर्मसापेक्षता भने अस्तित्वका लागि र देशको पहिचानको लागि भए पनि चाहिन्छ । त्यही चेत पूर्वराजामा भइदिँदा उनी अध्यात्म, जनसेवामा समर्पित हुन्थे र देश शान्त भई सबैको ध्यान सुशासनमा पुग्ने वा शासकलाई बलजफ्ती ध्यान सुशासनतर्फ पुऱ्याइने थियो । सबैतिर उस्तै छ । जसले पूर्वराजाको पैसा खाए, उसैले गाई बेचेर थप डलर कमाइदिए । स्वयं पूर्वराजाले बैंकका डिफौल्टरलाई राजा फर्काउने आन्दोलनका कमाण्डर बनाइदिए अनि उनी पनि जेलमा छन् । यता गणतन्त्रवादीमा हेर्दा सारांशमा लेख्दा उस्तै नैतिकताको खडेरी छ । स्वयं नेपाल पुराना दलबाट नबन्ने भएकोले म बनाउनेछु भनेर प्रतिज्ञा गरेर आएकाको केटी काण्ड, दोहरो पास्पोर्ट र राहदानी, सहकारी काण्डैकाण्ड छन् तर हिँडेका थिए अन्य नेतामाथि औंला ठड्याउन । अरूलाई एक औंलाले चोर भनिरहँदा कम्तीमा तीनवटा औंला आफैंलाई चोर भनिरहेका हुन्छन् ।

गणतन्त्र ल्याएको भनेर दाबी गर्ने अन्य दलहरूले दलभित्रै लोकतन्त्र र गणतान्त्रिक संस्कार झल्काउँदैनन् । नमरुन्जेल पद छाड्दैनन्, एउटै परिवारका सदस्यहरूले पार्टीमा हालीमुहाली गर्छन् । जेहेन्दार र सक्षमलाई भन्दा घरायसी सदस्य, नातावाद, गोत्र, मालपानी कताबाट झर्ने आदि मिलाएर जिम्मेवारी र अवसरहरू दलमा वा दलको तर्फबाट बाँड्छन् । कोही स्वयं मन्त्री वा प्रधानमन्त्री बनेर सदाचारीताको पाठ पढाईकन घरको सदस्यलाई विज्ञापनमा जागिरको लागि ब्याकडोरबाट टेण्डर आफवान गर्छन् । यसका केहीमात्र उदाहरण हेरौं तल ।

प्रचण्ड किन विपक्षी दलको अलायन्समा गृहमन्त्रीको राजीनामा र छानविन बटमलाइन बनाएर फेरि साथीलाई छोडेर सत्तासँग मिले ? रास्वपाका सभापति स्वयं जेलमा रहे पनि पद नछाड्ने तर अरूमाथि पद छाड्न भन्ने कसरी मिल्यो ? रास्वपाले संसद्को अवरोध नीति सभापतिको जेल स्थानान्तरण काठमाडौंलाई बनाउने कुरा हो ? वर्तमान गृहमन्त्रीले पदमा रहेर अनैतिकता गर्न मिल्छ ? मिल्दैन भने राजीनामा किन नदिने ? दिन गएको भए कसले र किन रोके ? अनैतिकता गरेको छैन भने डिफेन्सिभ मुडमा रुन्चे भाषा र अनुहार मिडियामा किन आउँछ ? कुनै बेला केपी ओली र प्रचण्डले नै रवि लामिछानेलाई छानविन विनै प्रधानमन्त्रीको कुर्सीको दुरुपयोग गर्दै निर्दोष हो भन्ने र पछि ओलीले कांग्रेससँग सरकार बनाएपछि रविलाई जाकिदिने अनि प्रचण्डले रास्वपालाई बीचमै छोडिदिने मिल्छ ? यिनीहरूको त्यसो भए विगतका काँध थपाइ वा अहिले एक्लाएको कुन कुरा जनताले ठीक हो भनेर बुझ्ने ? त्यस्तै, बाबुराम भट्टराईले रवि, बालेन, हर्क, रेशम आदिसँग मिलेर नयाँ शक्ति अभ्यास गर्ने रे । सहकारीको रकम अब भट्टराईले फिर्ता रविको तर्फबाट गर्ने त ? अनि उच्च शिक्षाबारे बहस, छलफल कांग्रेसबाट हिजोका विद्यार्थी नेताले गराउँछन् तर विज्ञलाई दश मिनेटमा कुरा टुंग्याऊ भनेर स्वयं डाइसमा तीन चोटि चढेर कम्तीमा दशदेखि २५ मिनेट बोल्छन् अनि मिडियामा छाएर भोलिको शिक्षामन्त्रीको पद सुनिश्चित गर्न खोज्छन्, आदि ।

**युनिभर्सिटीमा विचलन**

यो सामान्य ज्ञान हो कि औंठाछाप केही अपवादबाहेक अब नेता बन्न सम्भव छैन र साक्षर बन्नलाई विद्यालय, महाविद्यालय, विश्वविद्यालय जानु जरुरी छ । तर, शैक्षिक थलो अर्थात् मान्छेलाई सुन झैं तिखार्ने आगोको भट्टी नै यदि अशुद्ध, आचरणहीन, अनैतिकले भरे भने तिनले दिने शिक्षा र आचरण विद्यार्थीले नपढ्ने, जाँचमा चिट चोर्ने, सित्तैमा अधिकतम् अंक खोज्ने, बन्द, हड्ताल, तोड्फोड, शैक्षिक थलोबाट कमाइको साथैविपरीत लिंगीप्रति कुदृष्टि लगाउने, गुरुलाई नमस्तेको साटो आँखा तर्ने र कुटपिटबाहेक के नै सिक्नेछन् र ? तर दुर्भाग्य, २०६३ पछि राजनीति कमजोर हुँदा यी सबैथोक भइरहेका छन्, थपमा नेताहरू अझै विद्वत नयाँ जिम्मेवार नागरिक युवा जनशक्ति दलमा खोज्नुको साटो युवा लठैत आफ्नो पद टिकाउन खोजे, गड्बडी यहीं भयो । देशको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र हो भन्छ, नन् कन्फोर्मिस्ट टेक्स्ट अर्थात् शासकको चाकडीवाला नभएर जनताको कुरा संविधानको परिधिभित्र रहेर पढाउ, अनुसन्धान गराउ भन्छ । नेपालका युनिभर्सिटीका धेरै जानकार उच्चकोटिका स्वघोषित गुरु अझै अधिकांशले थेसिसमा परम्परागतबाहेक मधेसी, आदिवासी, जनजाति, महिला, दलितको विषयमा विषय वस्तु प्रोपोजलकै बेला अनेकथरी दुःख दिएर बन्नै दिँदैनन् । वर्तमान संविधानबारे अज्ञानी भनौं वा गणतन्त्रलाई अवरोध पार्ने को हुन्, चिनौं । उता प्राध्यापक संघहरूमा नियमित अधिवेशन हुँदैनन् भने भ्रष्टाचारी र कार्यालयमै दुराचार गर्नेलाई पदाधिकारी बनाइन्छ र सबैले जाने पनि डरले कोही बोल्दैनन् । तीन वर्षे कार्यकालमा सात र आठ वर्षसम्म पद छोड्दैनन् ।

युनिभर्सिटीमा विज्ञापन हुन्छ तर षड्यन्त्र धेरैतर्फबाट हुन्छ । पदाधिकारीले फाष्टट्याकको परिभाषाविपरीत दलका नितान्तलाई आफ्नो पद टिकाउनलाई ध्यानमा राखेर विज्ञापन खुलाउँछन् । सोको विरोधमा कसैले लेख नपुग्दा वा पिएचडी पूरा गर्नलाई वा म्याथमा प्रश्नपत्र आउट गरेर जसोतसो स्थायी भई अन्य विषयमा लेख, अनुसन्धान गरेर कथित् आन्दोलनको नाममा बाहिर मास देखाएर भित्र पदाधिकारीलाई खुलाबाट पदोन्नति सहित स्थायी गरिदिन बिन्ती बिसाउन वा कोही बैंककमा पिएचडी, नेपालमा आजीवन पद खाई राजनीति गरिरहेको भनेर प्रमोसन खानलाई यो त्यो मिलेन भनी विज्ञापनमाथि मुद्दा हालेर केही समय तन्काएर कोही अधुरा तयारी पूरा गर्ने अनि कोही पुनः ब्ल्याकमेलमै पदोन्नति खोज्ने छन् ।

**शिक्षा र प्राज्ञिकताको सदुपयोग नै भएन**

शिक्षा र असल नागरिकका परिभाषा हामीले पढ्दा धेरै विशेषणयुक्त योग्य नागरिक भनेर लेखिएका भेटिन्छन् जसमा कम्तीमा निडर, सत्य बोल्ने, सच्चरित्र, दोहरो कुरा नगर्ने, गलतलाई तत्काल विरोध गर्ने, निष्ठावान, निरन्तर प्रगतिशील र नवीनतम् कुरा सिक्ने, राजनीति बुझ्ने तर जागरुक भई सरकार वा नेताले जनताको पक्षबाट हेर्दा यो यो गर्न नहुने र पत्रपत्रिका पढेर सरकारलाई लेखरचनामार्फत् सुझाव दिने, निर्वाचनमा विवेक प्रयोग गरेर असल जनप्रतिनिधि चुन्ने जस्ता कर्म गर्नेहरू बुझिन्छन् । भारतमा बजेटको बेला प्रधानमन्त्री नरेन्द्र मोदीले लाखौंको संख्यामा एकसाथ यस्ता योग्य र साक्षर युवालाई राजनीतिमा उत्रन आफवान गरे । नेपालमा आज राजनीतिदेखि मान्छेलाई घिनलाग्न थालेको छ, जसरी भारतमा हिजो थियो तर मोदीले परिभाषा बदल्नुभयो, त्यो युनिभर्सिटीको करामातले भयो । यता नेपालमा हाम्रा युनिभर्सिटीका स्टेकहोल्डर्सका अवस्थामाथि केही चित्रित गरियो र तल शिक्षा र असल नागरिकका परिभाषा पनि । के युनिभर्सिटीले आफ्नो कर्तव्य पूरा नगर्दा राजनीति बिग्रेको होइन ? कसले र कहाँबाट सपार्ने अब ? यसको उत्तर खोजौं । कम्तीमा उत्तर नभेट्टाए हामी स्वयंलाई नैतिकवानमा परिणत गर्दा नेपाल आमाको धेरै पीडा कम हुनेथियो, नत्र पूत वा पुत्री कपूत वा कपुत्रीमा बदलिँदा हामीले पद र प्रमोसन त पाउनेछौं तर अवकाश वा मरेपछि आफ्नै सन्ततिले देश बिगारेको भनी हामीलाई घृणा गर्नेछन् ।

*-इहिमालय टाइम्स डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : शत्रुहरू सक्रिय रहनेछन्। आत्मसम्मानमा ठेस लाग्न सक्छ । | **तुला** : व्यवसायमा मनग्य लाभ रहनेछ। कार्यक्षेत्रमा सफलता मिल्नेछ । |
| **वृष** : धैर्यले नयाँ अवसर फेला पार्न सकिनेछ। पुराना रोकिएका कार्यहरू प्रारम्भ हुनेछन्। | **वृश्चिक** : कार्यक्षेत्रमा उत्साह बढ्दै जाँदा चुनौतीपूर्ण कार्यहरू पनि सहज लाग्नेछन्। |
| **मिथुन** : समाजमा प्रतिष्ठा बढ्नेछ। साहसिक कार्य गरेर अरुलाई प्रभावित पार्न सक्नुहुनेछ। | **धनु** : धैर्य र पराक्रममा कमी आउनेछ। विवादास्पद चुनौतीहरूको सामना गर्नुपर्ला। |
| **कर्कट** : मानसम्मान प्राप्त गर्न सकिनेछ। करियरमा सुधार आउने संकेत छ । | **मकर** : साझेदारी व्यापारबाट लाभ मिल्नेछ। दाम्पत्य जीवन सुमधुर रहनेछ। |
| **सिंह** : कार्यक्षेत्रमा रुकावट आउन सक्छ । आफन्तहरूबाट सहयोग मिल्नेछ । | **कुम्भ** : प्रगतिले मन प्रसन्न रहनेछ। सहकारी संस्थाबाट लाभ मिल्ला । |
| **कन्या** : कुनै बहुप्रतिक्षित कार्यमा सफलता मिल्नेछ । आर्थिक पक्ष राम्रो रहनेछ । | **मीन** : सेवामुलुक कार्यबाट प्रतिष्ठा पाइनेछ। रोकिएका कार्यहरू सुचारू हुनेछन्। |

# साहित्य दर्पण

कथा — भाउपन्थी

## लाछी

*ऊ मेरो कहिले लोग्ने थियो भन्ने भावना पनि आउँदैन । म यस्तो सोचेर बसिदिन्छु, तर ऊ मान्दैन । कतिपटक भनिसकेँ, 'अब चुँडिएको नाता म फेरि गाँस्न इच्छुक छैन ।' ऊ मान्दैन । भन्छ, 'बाह्र वर्षपछि त खोलो पनि फर्कन्छ, तर तिमी यसरी निठुरी भएको देख्दा अचम्म लाग्छ ।' निठुरी हुँ वा नरम मनकी त्यो पहिल्यै सोच्नुपर्ने थियो । हात उठाउनुभन्दा अघि ।*

फोन गरिरहन्छ, नयाँ लभरले झैँ । एकपटक पारपाचुके भइसकेपछि फेरि केको नाता ?

ऊ मेरो कहिले लोग्ने थियो भन्ने भावना पनि आउँदैन । म यस्तो सोचेर बसिदिन्छु, तर ऊ मान्दैन । कतिपटक भनिसकेँ, 'अब चुँडिएको नाता म फेरि गाँस्न इच्छुक छैन ।' ऊ मान्दैन । भन्छ, 'बाह्र वर्षपछि त खोलो पनि फर्कन्छ, तर तिमी यसरी निठुरी भएको देख्दा अचम्म लाग्छ ।' निठुरी हुँ वा नरम मनकी त्यो पहिल्यै सोच्नुपर्ने थियो । हात उठाउनुभन्दा अघि । पुर्खाहरूको पालाको बाह्र वर्षपछि फर्कने खोलो अब छैन । वाग्मतीलाई कति सफा गरे पनि फोहोर हुन छाडेको होइन । त्यो सफा गर्न लागेको पनि बाह्र वर्ष नाघिसक्यो । मलाई यति थाहा छ, मभित्रको सुकोमल नारी मन हराएर गइसक्यो । खोलो त थियो जलप्रवाह भइरहने तर त्यो पर्यावरणीय दोषका कारण सुकेर बलौटे सोतोमा परिणत भइसक्यो । यसमा म के गर्न सक्छु ? मोबाइलको घण्टी फेरि बजेको छ । कति दिनसम्म कल गर्ने रहेछ हेरूँ न त भनेर म उसको नाम देखापर्नेबित्तिकै कल कट् गरिदिन्छु । तर, ऊ थाकेको छैन । के आस बोकेर फोन गरिरहन्छ कुन्नि ? लोग्नेमान्छेको जात ! राति रित्तो ओछ्यान छाम्दै सोच्दो हो– सित्तैमा डिभोर्स दिएछु । चाहिएको बेलामा खुरुकक ओच्छिन्थी । नोक्सान भयो । तर, कुरो एउटा यो पनि थियो – म जति सहमत भएर स्वेच्छाले ओच्छिए पनि गर्भवती हुन सकिरहेकी थिइनँ । कमजोरी कसको हो ? यो उसले पनि थाहा पाउन चाहँदैनथ्यो । हामी दुवैबीच एउटा डर डेमोक्लिसको तरबारझैँ झुन्डिएको थियो, कमजोर को ? यसमा कलंकित भइन्थ्यो, नपुंसक वा बाँझी भनेर । तर, उपाय त थियो नै । विज्ञापनहरू पनि बजिरहेको थिए, देखाइरहेका थिए – निःसन्तानपनको उपचार छ भन्ने । तर, समय क्रूर छ । बितेरै छाड्छ । बित्यो हाम्रो सन्दर्भमा पनि । तर, धेरै बितेको होइन । एउटा असमझदारी बढ्दै आयो । दूरीहरू बढ्दै गए । दूरी बढाउनमा उसैको दह्रो भूमिका थियो । भन्थ्यो, 'तेरो अरू कोही छ भने ऊसँग गएर सुत् ! त्यसबाट सन्तान भयो भने पनि त लुकाइछिपाइ हामी हाम्रै भन्न सक्छौँ ।' एक दिन असह्य भएपछि मैले भनेँ, 'तिमी अर्को बिहे गर न त ! म स्वीकृति दिन्छु ।' उसलाई डर थियो– सौताबाट पनि सन्तान भएन भने ? यो आशंका उसमा यति घनीभूत भयो, उसले सधैँ राति मादकपदार्थ धोक्दै मलाई विनानिहुँ पनि भकुर्न थाल्यो । भकुर्ने कुरोमा ऊ खप्पिस थियो । मभित्र मनमा चोट पर्थ्यो । बाहिर शरीरमा चोट नदेखिने– गुमचोट । ऊ भन्थ्यो- यो एउटा कला हो, चोट नदेखिने गरी ठटाउनु । कला त हुँदै हो । अर्को कला उसलाई आउँदैनथ्यो । मनभित्र ऊ कुण्ठा बोकेर बाँचिरहेथ्यो । म यो बुझ्थेँ । मलाई गोदेर मन केही शान्त पार्थ्यो । अन्ततः मैले निर्णय गर्नैपर्‍यो, डिभोर्स लिनैपर्छ । यस्ता मानसिक विकृतिले ग्रस्त अर्द्धविक्षिप्तसँग बसेर यातना सहनु हुँदैन । केका लागि यातना सहने ? सुरुमा केही पलाएको प्रेम पनि तातो पानी खन्याएर मारिएको बिरुवाझैँ मरेर गयो । प्रेम अंकुराउन सक्थ्यो, उसले समझदारी गरेको भए । गरेन र यो अन्तिम मोडसम्म आइपुगियो । अर्को मोडसम्म जाने हिम्मत छैन मेरो । अहिले पनि बजेको छ मोबाइलको रिङटोन । उसले रोजेर एउटा रिङटोन राखिदिएको थियो, त्यसलाई मैले उहिल्यै नै फेरफार गरेर अर्को रिङटोन राखिसकेकी छु । जिन्दगीमा रिङटोन फेरिन नसक्ने होइन । उसले यो बुझ्नुपर्थ्यो । उसले पिएकै जोसमा भनिरहन्थ्यो, 'नारी भनेको धर्ती हो, सहनुपर्छ ।' सालाले व्यंग्यमा भन्थ्यो । त्यति भनिसकेर हिहिहि... गरेर एक किसिमको प्रेतहाँसो हाँस्थ्यो । त्यति नहाँस्ने र नारीलाई अपमानित हुने गरी नारी भनेको धर्ती हो नभन्ने गरेको भए के पो हुने थियो सायद, अर्को कुनै बाटो निस्कने थियो कि ? बाटो अर्को निस्कने सम्भावना समाप्त नै थियो । यसमा जिकिर गर्ने खण्ड नै छैन ।

जुन दिन डिभोर्स स्वीकृत भएर म अर्कोतिर लागेँ, लाग्यो- म नारकीय जीवनबाट मुक्त भएकी छु । स्वतन्त्रताको अनुभव पनि अलौकिक नै हुने रहेछ भनूँ । अलौकिक त केही छैन होला, लोक बाँचेर अनुभव गरिएका जति सबै लौकिक नै हुन्छन् । मेरो धारणा यही छ । तर, उसले समयसमय फोन गरिरहन्छ । लाछी, आफ्नो जीवनको नयाँ बाटो पहिल्याउन नसक्ने ! म यही सोचेर मोबाइलमा उसको नम्बर देखापर्‍यो कि काटिदिइहाल्छु । यसमा ढिलो गर्नुपर्ने खण्ड देख्दिनँ, अर्थात् जसबाट मुक्त भएपछि स्वतन्त्रताको अनुभव गरिएको छ, ऊसँग फेरि संवादरत हुनुको दरकार के ? तर, फोन त आइरहने हो । मैले पनि रिसिभ नगेर काटिरहने हुँ, काल कालान्तरसम्म!

*-बाह्रखरी डटकम*


## गल्याङ नगरपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।
- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।

| पुरुषोत्तम घिमिरे | हेमा न्यौपाने तिमिल्सीना | गुरु प्रसाद भट्टराई |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | नगर उप-प्रमुख | नगर प्रमुख |

गल्याङ नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
गल्याङ, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल


निबन्ध — किरण प्रगाढ

## झोला, झिलमिल र आमाको अँगालो (नवपुस्ता)

चैत्र-वैशाखको धूप, एउटा शीतल शनिबार । गाउँको बगरमा माटोले खुट्टा चिल्लो पार्दै हुर्केको एक किशोर, थिचिएको सपना बोकेर शहरतिर चिप्लँदै थियो । काँधमा किताबको झोला, मुटुमा भविष्यको चित्र, अनि आँखाभरि आमाबाबाको विश्वास थियो । उसको खुट्टा त्यो बगरमा नाङ्गिएर हुर्किएको थियो, जहाँ खोल्साको पानीले उसको औँलाहरूमा बालकको भाषा लेखेको थियो र कान्लामा दौडिँदा सिङ्गो जीवनले उसलाई पछ्याइरहेको थियो । अब ती दौडहरू स्थगित हुनेवाला छन्, त्यो खोल्साले उसलाई बोलाउन छाडेको छ, किनकि ऊ अब 'झिलिमिली शहर' भित्र आफ्नो भविष्यको छाया पछ्याँउदै छ । घरको चुल्होमा पाक्दै गरेको भातको वाफमा, खालि भोक मात्रै थपिँदैनथ्यो, एक सपना पनि उसैगरी बाफिएर आकाश लाग्थ्यो । जीवन गणितको सूत्रझैँ जटिल र असम्बद्ध थियो, तर उत्तरमा आशा मिसिएको थियो । त्यही आशा परिवारको खुर्पा घिस्रेको बाँसुरीबाट निस्केको एक मधुर स्वरमा परिणत भयो । "जा, पढ्... मौसम, चरा, बादलतिर नहेरी पढ् ।"

बुबाको सिङ्गारिएको आँखाबाट नझरेका आँशुहरूसम्मले टुप्लुक्क पोखिन भ्याए । अनि ऊ डोबिएको एक गधा जस्तै पुरानो झोला काँधमा हालेर सदरमुकामतिर हिंड्यो, थाकेको थिएन तर भावनाले भारिएको थियो ।

सदरमुकाम पुग्दा जीवन एक्कासि अपरिचित र नयाँ हुन्छ । डेराको त्यो साँघुरो कोठा, स्टोभको बाफमा पाक्ने भात, अनि कुकरको सिटीसँगै बज्ने आमाको याद । शहरमा कोठा लिनु, आफैं पकाएर खानु, सबै नयाँ अनुभव थिए । राति आमाको सम्झनामा आँशु पुछ्दै निदाउने ती दिनहरूमा ऊ घरबाट जति टाढा थियो, त्यति नै नजिक थियो आमाबाबाको सम्झनाबाट । भित्ताहरू बोल्दैनथे, तर तिनीहरूमा उसले आमाको स्वर टाँसेको थियो, "खानु पर्‍यो नि बाबु, पढ्नु पर्‍यो नि बाबु..." । अझ त्यति बेला उसको आत्मासँग संवाद गर्नलाई मान्द्रो पनि छेउमै हुन्थे । आमाले पठाउनुभएको त्यो न्यानो मान्द्रो, जसलाई बगैँचामा लगेर लम्पसार पर्थ्यो, अनि उसका सपनाहरू, त्यही मान्द्रोकै कुनाबाट फक्रिँदै गइरहेका हुन्थे । यी सबै गतिविधिहरू पर्खालबाट लुकीलुकी न्याउरीमुसा र लोखर्केहरूले हेरिरहेका हुन्थे ।

एक बिहान, अप्रत्याशित डेरामा आफ्नो बुबाको आगमन हुन्छ, सायद त्यो सन्तानप्रतिको चिन्ता र अनुशासनको परीक्षा हुन सक्थ्यो । पढाइको प्रोत्साहनको लागि भनेर बुबाले उसको हातमा एउटा साइकिल थमाइदिनुहुन्छ । यद्यपि त्यो माग उसको वर्षौंदेखिको विचाराधीन प्रस्ताव थियो । जे होस्, बुबाले नयाँ शर्तसहित चाहेको वस्तु उपलब्ध गराउनुभयो । साइकिल एक साधारण वस्तु थियो, र पनि त्यो वस्तुले उसको खुशीको आकाश चुम्यो । बुबा, जो हरेक साँझ परिवारलाई भेला गराएर विगतका पीडा, वर्तमानको संघर्ष र भविष्यका योजनाहरूबारे पारिवारिक बैठक चलाउनुहुन्थे, धेरै दिनदेखि ऊ त्यो बैठकमा सामेल हुन पाएको थिएन । तर त्यस दिन एकल सदस्यको उपस्थितिमै बुबाले बैठक सञ्चालन गर्नुभयो । बुबाको कठोर प्रेमका बीच किनिएको त्यो साइकिलले उसको मनको घामलाई जलाउँछ । एक गोधूलि साँझ, घरको छतमा चुपचाप उक्लिएर, ऊ फर्किएर बस्छ, घर र आमाको दिशातिर । आँशु थुनिएनन्, बग्न थाल्यो, तर त्यो पानी शरीरको नभई मनको प्यास मेटाउन आएको थियो । आमाको अँगालो खोज्न आएको थियो । त्यो रात, त्यो निरन्तर बित्ने रात, ऊ आफ्नो आमाको आँचल खोज्दै थिए । भोलिपल्टको बिहान उसले आफूलाई तयारी हुन लगाए । अब, "यो बिदामा त म साइकिलमै घर जान्छु ।"

र, यात्रा शुरु भयो । सिन्धुलीको उकालो बाटोबाट शुरु हुन्छ उसको यात्रा । बर्दिबासको तातो हावाले उसको अनुहार जलाउन खोज्छ, लालबन्दीको सुनसान जंगलले उसलाई थाम्न खोज्छ तर उसका गोडा थाक्न खोज्दैनन् । हरेक थकाइले आमाको स्वर सम्झाउँछ, "छोरा, तिमी सक्छौ ।" तर यदि वास्तवमै आमा स्वयंले नै भन्नुपर्दा "सकिँदैन" भन्नुहुन्थ्यो होला । त्यसैले त्यो कुनै साधारण यात्रा थिएन । छोराले आमाको काख खोज्दै गरेको आत्मीय यात्राको कथा थियो त्यो । घामले उसलाई सेकिरहेको थियो, पसिनाले भिजाएको थियो, तर ऊ हावाको मिठासमा रमाइरहेको थियो ।

बर्दिबास पार गर्दासम्म ऊ थकित थिएन । किनकि उसका हरेक पेडल आमाको मुस्कानतिर घुमिरहेका थिए । तर लालबन्दीतिर जाँदा बाटो जङ्गली बन्छ । प्यासले गला पोल्दछ । पसल र बस्ती हराँउदै जान्छ । त्यही बेला, जङ्गलको बीचमा भेटिन्छ सशस्त्र प्रहरीको क्याम्प । प्यास मेटाउने पदार्थ माग्दछ, सुरक्षाकर्मीले उसलाई एक गिलास पानी थमाँउदै आश्चर्य दृष्टिले हेर्छन् - "सिन्धुलीदेखि लालबन्दी साइकिलमै ?" ती सुरक्षाकर्मीको नजरमा, त्यो केटोको साहस हनुमानको समुद्र पार झैँ थियो । तर उसलाई अझ यो थाह थिएन कि लालबन्दीबाट अझै चुरे क्षेत्र हुँदै करीब ३० कि.मि.भित्री मधेश प्रवेश गर्नुपर्छ । सुरक्षाकर्मीको वाक्यले ऊभित्रको साहसको प्रमाण दिन्छ कि ऊ यात्रा गरिरहेछ केवल बाटो होइन, एक छोराले आमासँग राखेको वाचा पूरा गर्न । सुरक्षाकर्मीको हातबाट खाएको गिलासको पानीले तीर्खा त मेटाउँछ, तर शरीरले अब विरोध गर्न थाल्छ । गोडा थकित, मांसपेशी चर्किएका । तर मन ? ओहो ! अझै उद्दण्ड, लालबन्दी पार गरेपछि ऊ दिदीको घर पुग्छ, जहाँ उसले केही राहतको सास फेर्छ । एक चेली, माइतीको आकस्मिक सान्निध्यमा हर्षित थिई, र त्यही क्षण एक माइती, परदेशमा बसेकी चेलीको खोज र कुशलता लिन अघि बढेको थियो । अर्थात् सम्झनाको समर्पण र ममताको मार्ग एकैछिन उस्तै दिशामा बगिरहेका थिए । न संवाद थियो, न कुनै खबर विना नै । तर भावना स्वयं नै संयोगको पूल बनेको थियो । अन्ततः ११ घण्टाको अथक साइकल यात्रा पछि घर ऊ पुग्छ, आफ्नो घर । त्यो घर जसको एक एक भित्तामा आमाको गन्ध मिसिएको छ, बाबाको सपना झल्किएको छ । घर पुग्दा ऊ आफैं आमाको लागि सबैभन्दा ठूलो कोशेली बनिसकेको थियो । न त सुन, न मिठाइ, न कपडा । उही पसिनाले चिसिएको शरीर र त्यस शरीरका प्रत्येक रेखामा लेखिएको एक साहसको कथा । उसको पसिनाभित्र रगत मिसिएको देख्नुहुन्थ्यो आमाले । पेडलले घिस्रिएको पैतालाको ठेलाहरू आमाको आँखामा आलो घाउ भएर टल्कन्थ्यो । आमाले मेथी पड्काएर तताइदिएको त्यो तोरीको तेल सायद बजारको लुब्रिकेन्टभन्दा हजारौँ गुणा कोमल थियो । सदरमुकाममा उही फर्सीको मुन्टो नाक खुम्च्याएर आधा थाल छोडेर हिँडेको मान्छे यहाँ आमाको हातको त्यही उस्तै परिकार थपी-थपी थाल चाट्दै खाइरहेको छ । परिकारले त सायद आफ्नो स्वाद पक्कै फेरिएको थिएन होला, तर तिनमा मिसिएको माया जून जस्तै बलिरहेको थियो । त्यो परिकार केवल खाना मात्रै थिएन आमाले आफैँलाई पकाएर दिएको प्रेमको हिस्सा थियो ।

आज ऊ सरकारी सेवामा छ । टाउकोमा टोपी र काँधमा जिम्मेवारी । ऊ बेलाबखत सरकारी साधनमा हुइँकिरहेको हुन्छ, त्यही महेन्द्र राजमार्गमा । जहाँ कुनै दिन पसिनाले चिप्लिएको हातले साइकलको ह्यान्डल समातेको थियो । अहिले सडकहरू फराकिला भएका छन्, सवारीहरू चिटिक्क छन्, तर हरेकचोटि जब ती बाटाहरू उसले पार गर्छ, मनभित्र कतै एक स्वर गुञ्जिन्छ - "साइकलको त्यो यात्रा नै त जीवनको साँचो विश्वविद्यालय थियो ।" किनभने त्यो यात्रा शरीरले नभई भावनाले तय गरिएको यात्रा थियो । जहाँ घामले पोल्थ्यो आमाको माया ओढेर यात्रा गरिन्थ्यो । आज ऊ मोटर इन्जिनमा सवार हुन्छ तर त्यो थकित साइकलको यात्राजस्तो आत्मीयता उसले कहिल्यै अनुभूति गर्न सकेन । साधनसँग गति छ, तर त्यो यात्रा उत्तिकै हतार छ । साइकलसँग थकान थियो, तर त्यो थकानमा जीवनको अर्थ लुकेको थियो ।

आज उसलाई र उसको जिन्दगीलाई सतहबाट हेर्दा सबैथोक जितिएको देखिन्छ । सरकारी पद, स्थायीत्व, सवारी, पहिचान... सबै पूरा । तर उसको भित्री संसारमा अझै पनि एक खालको मौन अभाव बगिरहेको देखिन्छ । अघिल्ला दिनहरूमा गोजी खाली थियो तर मुटु, भावना र समयले भरिएको थियो । अब गोजीमा दुई पैसा थपिएको छ तर मन सुख्खा छ, चिसो छ । आमाको सुगन्ध अब हतारमा भेटिन्छ र हतारमै छुटिन्छ । त्यतिमात्रै होइन कुनै समय थियो, जहाँ उसले आमाको अँगालोभित्र सानो भएर हराउन सक्थ्यो । अब यही अँगालो कसैले जोडदार प्रतीक्षा गरेर बसिरहेको छ । ऊ त्यही कुसुम हो, जसले २० वर्ष नाघिसकेकी हुनेछ, उसले ४० टेक्दा । जसले उसलाई बाबु बनाएकी हो । जसलाई उसले पनि आफूलाई जसरी नै शहरमा धकेलिसकेको छ । ओठमाथिको जुँगाले अब उसको बालापनमाथि हाँस्न थालिसकेका छन् । जीवनले उसलाई 'बुबा' बनाइसकेको छ त कसैले 'पति' भनेर सम्बोधन गर्न थालिसकेका छन् । कहिलेकाँही ऊ प्रकृतिको नियम र जीवनको रीतप्रति मौन भएर सोच्दछ । सफलता किन सधैँ पूर्ण लाग्दैन ? जीवनका बाँकी जितहरू किन भित्री हारसँग मिश्रित हुन्छन् ? तर अहिले यी कुराहरूको जवाफ उसले पाइसकेको रहेछ । अब उसलाई मात्रै "आज" राम्रो भए पुग्ने रहेछ । र, "आज" लाई राम्रो बनाउन हिजो र भोलि भन्दा सजिलो हुन्छ भनेर भन्ने गर्छ ऊ । बरू अब उसलाई हतार छ, सैर्ष र सफलताका सीमाहरू एउटा निश्चित परिधिभित्र सीमित गरी आफ्ना अधिकतम भन्दा अधिकतम समय आमाबुबासँग एउटै छानोमुनि बस्ने । जहाँ भात पक्दा अब फेरि माया बाफिएर आकाश नचुमोस्, आमाको आँचल सिरानी बनिरहोस् र जीवन फेरि बच्चाको निद्राजस्तै निष्कलंक लागोस् । *-साहित्यपोष्ट डटकम*

# नर्स र विद्यार्थीलाई प्रजनन् सम्बन्धी अभिमुखिकरण



**पाल्पा, असार १३**/जिल्लाको रामपुर नगरपालिकामा किशोर-किशोरी र विद्यालय नर्सहरुका लागि प्रजनन् स्वास्थ्य सम्बन्धी अभिमुखीकरण कार्यक्रम गरिएको छ ।

रामपुर नगरपालिका स्वास्थ्य शाखाको आयोजनामा किशोर-किशोरीहरूलाई यौनिकता, शारीरिक परिवर्तन र यौन स्वास्थ्यबारे विद्यमान भ्रमहरू हटाउने उद्देश्यका साथ अभिमुखीकरण कार्यक्रम गरिएको हो ।

नगर भित्रका माध्यमिक विद्यालय र आधारभूत विद्यालयका विद्यार्थी र नर्सहरुलाई अभिमुखिकरण प्रदान गरिएको स्वास्थ्य शाखाले जनाएको छ । कार्यक्रममा नेपाल परिवार संघ पाल्पा शाखा प्रबन्धक शोवाकान्त न्यौपानेले किशोर किशोरहरुको लागि बृहत यौनिकता शिक्षाको बारेमा अभिमुखिकरण प्रदान गरेका थिए । उनले किशोर किशोरी मैत्री व्यवहार, यौन तथा प्रजनन् स्वस्थ्य सम्बन्धी चासो, चिन्ता, समस्या र आवश्यकतासँगै किशोर किशोरी मैत्री स्वस्थ्य सेवाका विशेषताका बारेमा जानकारी दिएका थिए । त्यसैगरी, गाँडाकोट स्वास्थ्य चौकी प्रमुख मजिबुर रहमान शेख र नर्सिङ अधिकृत पुनम धितालले किशोरीमैत्री स्वास्थ्य सेवाका विशेषता, पहुँच र महत्वका विषयमा सहभागीहरूलाई जानकारी गराए । कार्यक्रममा उपप्रमुख बालकुमारी थापाले किशोर अवस्था एक संवेदनशील चरण भएकाले त्यसबेला देखिने शारीरिक तथा मानसिक परिवर्तनबारे स्पष्ट ज्ञान नहुँदा भ्रम सिर्जना हुने बताउँदै यस्तो शिक्षाले किशोर-किशोरीहरूलाई सशक्त बनाउने विश्वास व्यक्त गरिन् ।

उनले यस्ता कार्यक्रमलाई निरन्तरता दिनुपर्नेमा जोड दिइन् । उपप्रमुख थापाको अध्यक्षता र स्वास्थ्य शाखा प्रमुख गिरिराज घिमिरेको सञ्चालनमा कार्यक्राम भएको थियो ।

## खेलकुद समाचार

### नेपालमा पहिलो पटक फ्रेन्चाइज इन्डोर प्रिमियर लिग




**काठमाडौं, असार १३**/काठमाण्डौ स्पोर्ट्स इभेन्ट्स प्रालिको आयोजनामा नेपालमा पहिलो पटक फ्रेन्चाइज इन्डोर प्रिमियर लिग क्रिकेट हुने भएको छ । आउँदो भदौ २३ गतेदेखि २८ गतेसम्म काठमाण्डौको बुढानिलकण्ठमा फ्रेन्चाइज प्रिमियर इन्डोर क्रिकेट लिग हुन लागेको प्रतियोगिता निर्देशक ज्योति भण्डारीले जानकारी दिईन् ।

कुल १० ओभरमा हुने लिगमा १० वटा फ्रेन्चाइज टिमको प्रतिस्पर्धा हुनेछ । बुढानीलकण्ठ नगरपालिकाको चुनिखेलमा रोयल स्पोर्ट्स पार्कमा लिग हुनेछ । सिंगल राउन्ड रोबिन लिगका आधारमा प्रतिस्पर्धा हुनेछ । लिगको शीर्ष चार टोली सेमिफाइनलमा पुग्नेछन् ।

विजेताका लागि इन्डोर क्रिकेटको सर्वाधिक पुरस्कार राशीको व्यवस्था गरिने भने पनि यसबारे केही दिनमा सार्वजनिक गर्ने आयोजकले जनाएको छ । लिगका लागि टिम खरिद र खेलाडीको अक्सन हुने प्राविधिक निर्देशक रवीन्द्र गुप्ताले बताए । एक जना मार्कीका साथै 'ए', 'बी' र 'सी' वर्गीकरण गरी खेलाडीले आफ्नो नाम दर्ता गर्न पाउनेछन् । राष्ट्रिय खेलाडीलाई मार्कीमा राख्नुपर्ने आयोजकले जनाएको छ ।

# पाल्पामा मनाइयो मदन...

...सोही अवसरमा फाउण्डेसनका सदस्यहरुले पाल्पा अस्पतालको सेवा प्रवाह र नयाँ बन्दै गरेको भवनको समेत निरिक्षण गरी सेवाप्रवाह बिरामीमैत्री बनाउन अस्पताल प्रशासनलाई आग्रह गरेका थिए ।

मदन भण्डारी फाउण्डेसन पाल्पाले आउँदा दिनमा युवामैत्री डिजिटल कार्यक्रमहरु गर्ने कार्ययोजना रहेको र अहिले फाउण्डेसन सदस्यता विस्तारको क्रममा रहेको अध्यक्ष आत्रेयले जानकारी दिए । कार्यक्रममा नेकपा एमाले पाल्पा अध्यक्ष तथा फाउण्डेसनका पदेन संरक्षक ओमबहादुर घर्ती लगायतको उपस्थिती रहेको थियो ।

मदन भण्डारी नेपालको लोकतान्त्रिक आन्दोलनका एकजना प्रखर अगुवा र कम्युनिष्ट आन्दोलनका विशिष्ट सिद्धान्तकार थिए । उनले प्रतिपादन गरेको जनताको बहुदलीय जनवादले नेपालको कम्युनिष्ट आन्दोलनमा निकै ठूलो अर्थ राख्दछ । सामन्तवाद विरोधी आन्दोलनका अगुवा र कम्युनिष्ट आन्दोलनका एक प्रसिद्ध नेता कमरेड मदन भण्डारीले अघि सारेको विचारले तात्कालीन नेकपा (एमाले) मा वैचारिक मार्गदर्शनको काम गरुर्‍यो। पार्टीभित्र नयाँ जनवादको बहस चलिरहेका बेला भण्डारीले वैधानिक सैर्ष र राजनीतिक प्रतिस्पर्धामा जोड दिएका थिए । नेकपा (एमाले) को २०४९ मा सम्पन्न पाँचौं महाधिवेशनले मदन भण्डारीको प्रस्तावलाई जनताको बहुदलीय जनवादका रुपमा अनुमोदन गरुरेको हो । पोखरामा पार्टीको कार्यक्रम सिध्याएर चितवनमा अखिल नेपाल महिला संघको जिल्ला अधिवेशन लगायत तराईको पार्टी कामको सिलसिलामा देशी बिदेशी साँठगाँठका कारण दासढुंगामा भण्डारीको सुनियोजित षडयन्त्रका साथ २०५० साल जेठ ३ गते भण्डारीको दुर्घटनामा परी मृत्यु भयो । यद्यपि, भण्डारीको अवसान आकस्मिक दुर्घटना हो वा षड्यन्त्रपूर्ण हत्या यो विषय भने आजसम्म बहसमै छ । जननेता भण्डारीको जन्म पूर्व पहाडको ताप्लेजुङमा पिता देवप्रसाद भण्डारीका माइलो छोरोका रूपमा शिक्षित परिवारमा २७ जुन, १९५२ मा भएको हो ।

भोजपुरमा पाण्डे परिवारमा जन्मिएकी विद्यादेवी भण्डारी मोरङमा अध्ययनका साथै पार्टीको काम गर्थिन् । विद्या विद्यार्थी संगठन र महिला संगठनको जिम्मेवारीमा रहेर स्थानीय कमिटीमा सक्रिय थिइन् । त्यही बेला भूमिगत अवस्थामै मदन भण्डारी र विद्यादेवी पाण्डेबीच जनवादी विवाह सम्पन्न भएको थियो । नयाँ कार्लमास्कको उपाधी पाएका मदन भण्डारीले जनताको बहुदलीय जनवादको सिद्धान्त अगाडि सारेका थिए ।

# ब्राण्ड बनेको 'थोर्गेली...

...उद्योगका व्यवस्थापक प्रकाश थापाका अनुसार दार्सिङबासस्थित जनप्रिय प्रावि विद्यार्थी संख्या कम भएपछि उनीहरुलाई अर्को विद्यालयमा सारेर त्यसैको भौतिक संरचना प्रयोग गरी उद्योग स्थापना गरियो । अहिले स्थानीय कामदारबाटै उद्योगका काम भइरहेका छन् भने व्यावसायिक उत्पादन पनि निरन्तर छ । "क्रसिङ क्षमतामा कुनै समस्या छैन, खुदो पकाउने क्षमता बढेको छ । प्याकेजिङ र बजारको कुनै समस्या छैन", थापा भन्छन् ।

उद्योगले चकलेट उत्पादनका लागि पनि 'फ्रेम' (खुदोलाई चकलेटको आकार दिने भाँडो) पनि ल्याइसकेको छ । विस्तारै चकलेट उत्पादनलाई पनि बढाउने योजना रहेको थापाले बताए । उखु प्रशोधन केन्द्र निर्माण तथा व्यवस्थापनका लागि गाउँपालिकाले चालु आथिक वर्षमा २० लाख अनुदान दिएको छ । त्यस्तै उखु प्रवर्द्धन कार्यक्रमका लागि कृषि ज्ञान केन्द्रबाट तीन लाख अनुदान र हेफर इन्टरनेसनल नेपालले उद्योगका लागि चाहिने मेसिनरी तथा प्राविधिक पाटोमा सहयोग गर्‍यो । गाउँपालिकाका अध्यक्ष यदु ज्ञवालीका अनुसार गुड उत्पादनसँगै उखुखेतीलाई पनि गाउँपालिकाले प्राथमिकता दिएको छ । उखुको बीउ वितरण, जैविक मल उत्पादन, कीटनाशक व्यवस्थापनलगायत कार्यक्रमलाई अनुदानमा सञ्चालन गर्ने योजनामा गाउँपालिका जुटेको उनको भनाइ छ । "उखु नगदेबाली हो, पहिले धेरै जसो जमिन बाँझो र छिटपुट मकैखेती हुन्थ्यो । अहिले उखु उत्पादन हुँदैछ । यो आन्तरिक उत्पादनलाई उद्यमसँग जोड्ने र युवा पलायन रोक्ने पालिकाको प्रयास पनि हो", अध्यक्ष ज्ञवालीले भने, "गुणस्तरीय उत्पादन भएको कारण उपभोक्ताले मूल्यभन्दा पनि यसको उपयोगिता हेर्छन् । बजारको कुनै समस्या छैन । गुडलाई चकलेट बनाउनेसम्मको योजना छ ।" मिसावटरहित स्थानीय उत्पादन र अर्गानिक गुण भएको भन्दै 'थोर्गेली गुड' को माग बढ्दो छ । अध्यक्ष ज्ञवालीका अनुसार केही उच्चपदस्थ व्यक्तिहरु थोर्गेली गुडका नियमित ग्राहक बनेका छन् । "यहाँ उत्पादित गुड राम्रा लागेर नेपाली कांग्रेसका नेता शेखर कोइरालाले पछिल्लोपटक १० किलो मगाए, पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालको नातिनीको बिहेमा कसार बनाउनका लागि पनि यही उद्योगको खुदो प्रयोग गरिएको थियो । पूर्वमुख्यसचिव लीलामणि पौडेल, सचिव माहादेव पन्थ लगायतले उनको गुड खुदो नियमित प्रयोग गर्छन्", अध्यक्ष ज्ञवालीले भने । उखु प्रवर्द्धन कार्यक्रम आगामी आवको बजेटमा पनि राख्ने योजना रहेको उनले बताए । बीउ तथा जैविक मलमा अनुदान दिने, ठूलो परिमाणमा उखु उत्पादन गर्ने किसानलाई पुरस्कृत गर्नेजस्ता कार्यक्रम थप परिस्कृत रुपमा ल्याएर यसलाई पालिकाको गौरवको आयोजना बनाउने लक्ष्य पालिकाका रहेको उनको भनाइ छ ।

थोर्गेली गुड खुदो उद्योगले उद्योग विभागबाट आफ्नो छुट्टै 'ट्रेडमार्क' र 'लोगो' पाएको छ । जसले थोर्गेली गुडलाई विशिष्ट ब्रान्ड बनाउँदै लगेको छ । उत्पादित वस्तु बेच्नका लागि बजारको समस्या छैन । यद्यपि उखुखेती बढाउने र बढीभन्दा बढी गुड खुदो उत्पादन गर्नका लागि स्थानीय प्रयासमात्र पर्याप्त नहुने कृषकको बुझाइ छ । प्रदेश सरकारले विगतमा बीउमा केही अनुदान दिएको भए पनि सै सरकारको सहयोग भने खासै नपाएको स्थानीयको गुनासो छ । "अहिले गाउँमै रोजगारीको सम्भावना देखिएको छ, युवालाई विदेश जानुपर्ने बाध्यता केही हदसम्म घट्ने आशा पलाएको छ", वडा नं १ का कृषक विष्णु न्यौपानेले भने, "खुदो उद्योग स्थापना भएपछि मैले पनि चार रोपनी जग्गामा उखुखेती थालेको छु, सरकारबाट सहयोग हुने हो भने अझ बढी व्यावसायिक भएर जान सकिन्थ्यो भन्ने लाग्छ ।"


## डेंगुबाट बच्ने उपायहरु

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौ ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौँ र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्यॉरा कुना-काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

स्वास्थ्य कार्यालय पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

## सुरक्षित घर निर्माण गरौं

घर निर्माण गर्दा-

- इञ्जिनियरको सल्लाह लिएर मात्र निर्माण गरौं ।
- भूकम्प प्रतिरोधि डिजाइन बनाऔं ।
- गुणस्तरीय सामग्री प्रयोग गरौं।
- स्थानीय भू-सम्भाव्यता अनुसार निर्माण गरौं ।
- नियमित मर्मतसम्भार गरौं ।
- निर्माण अघि स्वीकृति लिऔं ।

"बलियो घर निर्माण गरौं, सुरक्षित भविश्य बनाऔं"

नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई